जडिबुटी भन्नसाथ हामी सम्पूर्णले गाउँघरमा प्रयोग हुने, पाइने चिराइटो, पाँचऔंले, यार्सागुम्वा, सिलाजित, निमकाठ, जटामसी, सुगन्ध कोकिला आदी सम्झिन्छौं । जडिबुटी प्रशोधन केन्द्रमा यस्तै जडिबुटीहरु प्रशोधन हुन्छ होला । यसबाट विभिन्न किसिमका मानिसहरुले खाने औषधी बन्छ भन्ने सबैलाई लाग्छ तर त्यस्तो होइन् । माथिका केहि जडिबुटी त प्रशोधन हुन्छ। तर यी जडिबुटीबाट शरिरमै प्रयोग हुने औषधी बन्छ तर खान योग्य औषधी बन्दैन ।

नेपालमा जडिबुटीको सम्भावना अथाह छ भन्ने सुन्नमा पाइन्छ। तर, कुन चाहिँ जडिबुटीको उत्पादन कति हुन्छ ?, कहाँ हुन्छ ? भन्ने नेपालमा अध्ययन भएको पाइदैन। यसरी अध्ययन हुने हो भने ती जडीबुटीहरुबाट बहुमुल्य औषधी बनाउन पनि सकिन्छ। तर अध्ययन र अनुसन्धान बिना यो असम्भव छ।

प्रायः सरकारी स्वामित्वको जुनसुकै कम्पनी घाटा व्यहोरिरेको समाचार मात्र पढ्न पाइन्छ । कुनै दिन सरकारी स्वामित्वको कम्पनी नाफामा भन्ने समाचार सुन्नुभयो भने तपाईलाई आश्चर्य पनि लाग्न सक्छ । आफूले आफैंलाई भाग्यमानी पनि सम्झिनु हुन्छ होला । किनकी कुनैपनि सरकारी स्वामित्वका कम्पनी नाफामा जान थाल्नु भनेको देश समृद्धि तिर जानु हो । जहाँ कुशल निर्देशन भइरहेका हुन्छन् । महाप्रबन्धकको रुपमा ज्ञानेश्वर कार्की तीन वर्षअघि जटिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको कार्यालय छिर्दा कम्पनी घाटामा थियो । कम्पनी घाटामा भएपछि उनी घाटामा नहुने कुरै भएन । विगत ४० वर्षदेखि कम्पनीले जडिबुटी उत्पादन तथा प्रशोधनको काम गर्दै आएको थियो । उनी त्यहाँ पुगेको तीन वर्ष भयो । यसभन्दा अगाडि घाटामा भएको कम्पनी अहिले नाफामा ल्याएर कम्पनीले पनि बोनस रकम बाँडेको छ ।

२०७५ माघमा कम्पनीमा नियुक्ती लिएका उनले योजनासहित अघि बढ्ने कार्ययोजना त बनाए। तर डामाडोल परिस्थितिका कर्मचारीहरु र कम्पनी देखेपछि त्यहाँ भएका कर्मचारीलाई काम अनुसार प्रयोग गरी तलब र काम अनुसार बोनस दिने व्यवस्था गरे । बोनस पश्चात कर्मचारीको काम पनि देखिँदै आयो भने सँधै एउटै तलब खाइरहेकाहरुले काम सँगै थप बोनस पनि प्राप्त गर्दै गए । उतिनै कर्मचारीले कामको कार्यशैली परिवर्तन गरेपछि कम्पनी विस्तारै नाफामा हिँड्यो ।

अर्थमन्त्रालयद्धारा प्रकाशित (पहेलो पुस्तिका) सार्वजनिक संस्थानको वार्षिक स्थिति समिक्षा २०७८ पुस्तकमा जटिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड बाहेक सबै घाटामा देखाएको छ । कोभिड जस्तो परिस्थितिमा पनि उत्पादन क्षमता बढाएर कम्पनी नाफामा ल्याउनु चानचुने कुरा त होइन तर कार्कीको कार्यशैलीले त्यो सहज भएको हो । कम्पनीको वस्तुस्थिति अध्ययन गरी विस्तृत बिजनेस प्लान बनाएर काम गरेकै कारण कम्पनी नाफामा उक्लिएको कार्की बताउँछन् । जडीबुटीबाट उत्पादित बस्तुहरुमा सन्चो, हिमालयन आयल, ह्याण्ड स्यानिटाइजर, बाल्म भिक्स, सिलाजित रहेका छन् । यी उत्पादनहरु नेपालमै खपत हुन्छन् । सन्चो वर्षौ पहिले देखि नेपालीहरुले प्रयोग गर्दै आइरहेका पनि छन्। अन्य यहाँबाट उत्पादन हुने तेल विदेश निर्यात हुन्छ। जडिबुटीबाट उत्पादित तेलहरुमा क्यामोमाइल आयल, सिट्रोनेला आयल, युक्यालिप्टस, फेन्चवेसिल, लेमनग्रास, मेन्था, पाल्मोरोजा, जटामसी र सुगन्ध कोकिला रहेका छन् ।

यी नौ थरी मध्येका सात थरी तेल विदेश निर्यात हुने तेलहरु हुन् । यी सबै तेल जडिबुटी प्रशोधन गरी अर्गानिक तरिकाले उत्पादन गरिएका हुन् । विदेशमा यी तेलहरुबाट विभिन्न किसिमका औषधिजन्य बस्तुहरु बन्ने गरेको छ। कम्पनीबाट अब उत्पादित तेलको पनि सदुपयोग गरी अन्य उत्पादन बढाउने लक्ष्य लिएको कार्की बताउँछन् ।

कम्पनीको उत्पादन भनेको जडिबुटीजन्य उत्पादन भएकोले उत्पादनहरू न्यून मुल्यका भएपनि सर्वसाधारणले अतिनै रुचाएका उत्पादनहरु हुन्। यसअघि कम्पनीले माग अनुसार उत्पादन गर्न सकेको थिएन भने अहिले राम्रो उत्पादन थालेकोले बजारमा पहिलेको तुलनामा तेब्बर उत्पादन बजारमा पुगेको छ। अझैं उत्पादन बढाउनको लागि आधुनिकीकरण गर्नेलगायतका काम भइरहेकोले छिट्टै नै बजारको माग भन्दा बढी उत्पादन निस्कने उनी बताउँछन् । पहिले केहि थरी सामान मात्र उत्पादन गरेका थिए भने आधुनिकीकरण पश्चात साबुन, स्याम्पु र हर्बल केयर आदी उत्पादन बढ्ने बताए। कोरोनाको कहरमा पनि कम्पनीले निरन्तर काम गरिरह्यो । फलस्वरुप अहिले कम्पनी नाफामुलक हुँदै गइरहेको छ। कोरोनाको कहरमा ह्याण्ड स्यानिटाइजर उत्पादन गर् यो । ह्याण्ड स्यानिटाइजर पनि अरु कम्पनीको भन्दा फरक र राम्रो क्वालिटीको भएकोले सबैले रुचाए।

काठमाडौं बानेश्वर बस्ने सायना राजभण्डारीले प्रायः जडिबुटीबाट उत्पादित सामाग्रीनै प्रयोग गर्दै आइरहेको बताउँछिन् । उनले सन्चो त धेरै पहिले देखिनै प्रयोग गर्दै आइरहेपनि ह्याण्ड स्यानिटाइजर, मालिस आयल चाहिँ केहि समय देखि निरन्तर प्रयोग गरिरहेको बताए । विदेशी उत्पादनको तुलनामा नेपाली उत्पादन उत्कृष्ट भएको बताए ।

भक्तपुर बस्ने ६३ वर्षीया बालामायाँ भन्छिन्, 'घुँडाको दुखाईले विभिन्न अस्पताल धाए । घुँडाको हड्डी खिइएको भनेपनि मालिस तेल लगाएपछि केहि कम हुने हुनाले छोरा सरोजले जडिबुटीबाट उत्पादित हिमाल मालिस तेल लगिदिए । त्यो तेल लगाएपछि धेरै सन्चो भएकोले केहि समय अघिदेखि निरन्तर त्यहि तेल प्रयोग गरिरहेको छु ।'

पहिले नेपालमा जडिबुटीको नै खेती गरेर उत्पादन गरेको कतै भेटिदैन अहिले भर्खर भर्खर खेती हुन थालेको भेटिन्छ । पहाड एरियाको जंगलमा आफैं उत्पादन भएको जंगली जडिबुटीहरु ल्याएर आयुर्बेदिक पसल संचालन गर्नेहरुसँग चाहिँ विभिन्न किसिमका जडीबुटीहरु भेटिन्छ । तर निर्धक्क साथ प्रयोग गर्न सकिरहेको छैन । किनकी अध्ययन र अनुसन्धान बिना प्रयोग गर्‍यो भने त्यस्ले सरिरलाई बेफाईदा मात्र गर्दैनन् ज्यान समेत लिन सक्छ ।

अहिले जडिबुटी प्रशोधन केन्द्रले बाराको तामागढीमा सबैभन्दा ठूलो खेती गरेको छ। त्यहाँ करिब तीन सय हेक्टर जमिनमा खेती भइरहेको छ । त्यस्तै मोरङको बेलबारीमा करिब एक सय हेक्टरमा खेती भइरहेको छ । यी बाहेक अन्य स्थानमा पनि खेती बिस्तार अन्तर्गत किसानहरूले पनि खेती गरिरहेका छन्। उनीहरुको उत्पादन प्रशोधन केन्द्रले नै खरिद गर्नेछन् । तर कृषकले राम्रो मुल्य नपाएको गुनासो भने आइरहेको सुन्न पाइन्छ।

यसरी कृषकले अझ पहाडी भेगको जमिनमा खेती गरी उत्पादन गर्न सक्यो भने राम्रो आय आर्जनको श्रोत बन्न सक्ने सम्भावना देखिन्छ। पहाडी इलाकामा खाद्यान्न त्यति नफल्ने र परिश्रम मात्र बढ्ने हुनाले बैकल्पिक खेतीको खोजी गरिरहेका कृषकहरु धेरै छन् ।

सिन्धुपाल्चोकका रमेश तामाङ बैकल्पिक खेतीका लागी केहि समय अल्मलिए । उनको जमिन पहाडी भू-वनोट भएकोले उत्पादन भएको खाद्य सामग्री ६ महिना खान पनि नपुग्ने भएकोले उनले बैकल्पिक खेती गर्ने मनसायले अलैची खेती गरे । तर उत्पादन ठिकै भएपनि बजारमा प्रशोधन भएको बस्तुको मुल्य र प्रशोधन नभएको बस्तुको मुल्यको अन्तरका कारण केहि वर्षमै खेती छोडे । अहिले नगदे बालीको रुपमा तितेपाती खेती गर्दै आइरहेका छन् तर यसमा पनि उनी सन्तुष्ट हुन सकेका छैनन् । यी र यस्ता किसानहरुलाई समेट्न सक्यो भने पक्कै पनि समद्धि हाम्रै पालामा हुनेछ। जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड पनि शेयरमा जाने भएको छ । सो कम्पनी शेयरमै गएपनि पुर्ण स्वामित्व भने सरकारको नै रहने छ । कम्पनी आईपीओमार्फत शेयरमा जान खोजेको हो । यसरी शेयरमा जाँदा सर्वसाधारण नागरिकको पनि आफ्नो कम्पनी हो भन्ने भावना जागृत गराउँछ नै । कम्पनीले उत्पादित सामान उत्पादन बढेपछि विदेश पनि निर्यात गर्न सकिन्छ । कार्कीका अनुसार सर्वसाधारणको लगानीमा सर्वसाधारणले नै प्रयोग गर्ने उत्पादन हुने भएकोले किसानहरुले उत्पादन गरेका सामग्रीहरूको मूल्य राम्रै पाउने कार्कीको विश्वास छ।

# बनमन्त्री हमाललाई सम्मान

**पवन जायसवाल/मध्यान्ह**
बााके, ५ कात्तिक



नेपालगन्ज उप-महानगरपालिका ३ वडा कार्यालय एकलैनीले लुम्बिनी प्रदेशका बन, वातावरण तथा भू-संरक्षण मन्त्री सुरेन्द्र बहादुर हमाललाई स्वागत तथा सम्मान गरेको छ।

नेपालगन्ज उप-महानगरपालिका ३ का वडाध्यक्ष मोहम्मद अयूब सिद्दीकीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन वडा सचिव कुमार खड्काले गरेका थिए।

कार्यक्रममा मन्त्री हमाललाई वडाध्यक्ष, वडा सदस्य, फातिमा फाउण्डेशन बाँके नेपालगन्जकी अध्यक्ष मैमुना सिद्दीकी, अतिथिहरु डा.प्रकाश नाग, नेपालगन्ज उप-महानगरपालिका ३ जामा मस्जिदका अध्यक्ष फिदा हुसेन अन्सारी, साइदा शाह लगायतले फूलको माला र खादा ओढाएर सम्मान गरेका थिए।

कार्यक्रममा मन्त्री हमालले नेपालगन्ज उप-महानगरपालिका ३ वडा कार्यालयद्वारा अपाङ्गता भएका व्यक्तिहरुलाई प्रदान गरेको १ लाख बराबरको खाद्यान्य सामग्री हस्तान्तरण गरेका थिए।

नेपालगन्ज उप-महानगरपालिका ३ का स्थानीय अपाङ्गता खुशी बैश्य, पूर्ण अपाङ्गता भएका बिक्रम कुमार बनौजिया, मुर्तुजा अली सिद्दिकी, मुमताज मनिहार, मनोज कुमार बसखोर, मोहम्मद सम्साद आमिर, मोहम्मद उजेफ अलवाई, मोहम्मद नादीर खाँ, मोहम्मद अफजल इराकी, रसीद दर्जी, शरीफ अहमद जसगढ, साहिद कसगढ, यसरी अति अशक्त अपाङ्गता भएका अंश बैश्य, अव्दुल आमीर इराकी, अव्दुल नदीम इद्रिसी, कैफु अन्सारी, गौसिया महताब मनिहार, पूनम सिंह कसेरा, बाउर साई, मरियम अन्सारी, मोहम्मद नईम अन्सारी, मोहम्मद जुवेर अन्सारी, राम खिलावन तिवारी, रोहित बनिया, सुनिता कनौजियालाई खाद्यान्न सामग्री वितरण गरिएको थियो ।

खाद्यान्य सामग्रीमा चामल २५ किलो, पिठो ५ किलो, नून एक पाकेट, तेल २ लिटर, दाल ५ किलो, आलु ५ किलो रहेको थियो ।

सो कार्यक्रममा नेपालगन्ज उप-महानगरपालिका -३ का वडाध्यक्ष मोहम्मद अयूब सिद्दीकीले स्वागत मन्तव्य व्यक्त गरेका थिए। डा. प्रकाश नाग, फातिमा फाउन्डेशनकी अध्यक्ष मैमुना सिद्दीकी, जामा मस्जिदका अध्यक्ष फिदा हुसेन अन्सारी,साहिदा शाह, वडा सदस्य मोहम्मद हनीफ सिद्दिकी लगायतले खाद्यान्य वितरण गरेका थिए।

कार्यक्रममा महिला वडा सदस्य मोहम्मद जाफर हुसेन अन्सारी, सीमा बैश्य, दलित महिला सदस्य लक्ष्मी धोबी, वडा खरीदार कञ्चन श्रेष्ठ लगायतको सहभागिता रहेको थियो ।

# रामपुरमा प्रहरी कार्यालय भवन निर्माण हुँदै

**सुशीला रेग्मी/मध्यान्ह**
पाल्पा, ५ कात्तिक



इलाका प्रहरी कार्यालय रामपुरको भवन निर्माण तथा स्तरोन्नतीका सन्दर्भमा छलफल भएको छ। महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय मार्फत प्रहरी कार्यालयमा बन्ने भवनको स्थलगत अध्ययन गर्ने कार्य भएको छ। शुक्रबार एशियाली विकास बैंक (एडिबी) को समन्वयमा बन्ने भवनको स्थलगत अनुगमन र रामपुरका सरोकारवालासँग छलफल गरिएको छ।

एडिबीले नेपालका विभिन्न दश स्थानका प्रहरी कार्यालयमा बनाउने गरी अगाडी बढेको भवनका सन्दर्भमा इलाका प्रहरी कार्यालय रामपुरमा छलफल गरिएको छ।

जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रमुख प्रहरी उपरीक्षक सन्तोष कुमार भट्टराईसहित अध्ययनमा आएको इन्जिनियर सहितको टोलीले भवन निर्माणका लागि चाहिने क्षेत्रफल तथा हालको अवस्थाबारे जानकारी लिएको छ। दश स्थानमा अनुगमन अध्ययन गरी उपयुक्त ठाउँ छनौट पश्चात् तीन स्थानमा भवन बन्नेछन्। जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रमुख प्रहरी उपरिक्षक भट्टराई सहित आएको इन्जिनियरको टोलीले कम्तिमा भवन निर्माणको आधार तथा जग्गा र चौकिल्लाबारे अध्ययन गरेको छ। एडीबीका प्रतिनिधि टोलीले पहिलो चरणको यो अध्ययनको रिपोर्ट एडीबीमा बुझाउने बताएको छ।

पाल्पा प्रहरी प्रमुख सहितको प्रतिनिधि टोलीलाई स्थानीय नागरिकका तर्फबाट सहभागी यहाँका नागरिक, बुद्धिजीवी, समाजसेवीले ईलाका प्रहरी कार्यालय रामपुरको सेवा क्षेत्र सुरक्षाको हिसावले चुनौती र बढ्दो जनघनत्व भएकाले भवन अनिवार्य आवश्यक रहेको, डिएसपीको दरबन्दी र मुद्धा दर्ता लगायतका काम रामपुरबाट हुने गरी व्यवस्थाका लागि माग गरेका छन्।

इलाका प्रहरी कार्यालयमा प्रहरी निरीक्षकको दरबन्दी रहेको रामपुरमा जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रमुख प्रहरी उपरीक्षक सन्तोष कुमार भट्टराई समक्ष नागरिकले यहाँको शान्ति सुव्यवस्था अमनचयन कायम गर्नका लागि प्रहरी कार्यालयको स्तरोन्नतीको माग गरेका हुन्।

छलफलका क्रममा पाल्पाका प्रहरी उपरिक्षक भट्टराईले जिल्लामा पुग्ने धेरै मुद्धाहरु रामपुर क्षेत्रको भएकाले यहाँका जनताको सेवाका लागि थप जनशक्ति सहितको पुर्वाधार आवश्यक रहेको बताए।

प्रहरी उपरिक्षक भट्टराईले आफू पाल्पा आएदेखि मुद्धा र क्षेत्रको हिसावले रामपुरमा संरचना थपको लागि पहल भइरहेको बताउँदै सुरक्षाको हिसावले पनि रामपुरमा भवन र जनशक्ति आवश्यक रहेको बताएका छन्। ईलाका प्रहरी कार्यालय रामपुरको आफ्नै नाममा २३ रोपनी जग्गा रहेको छ।

छलफलमा नगरपालिकाका नगरउप्रमुख बिष्णुदेवी घिमिरे आचार्य, रामपुर नगरपालिका वडा नं ५ का वडा अध्यक्ष हिमाल मल्ल, सल्लाहकार तथा नेपाली कांग्रेसका जिल्ला उपसभापति देवराज ढकाल, नेपाली कांग्रेसका नगर सभापति नेत्रप्रसाद भट्टराई, नेकपा एकीकृत समाजवादीका सल्लाहकार लेखनाथ पोखरेल, नेकपा माओवादी केन्द्रका कमलराज भट्टराई, नेपाल महिला संघ क्षेत्रीय सभापति विष्णुमाया ढकाल, नमस्ते रामपुर यातायात प्रालीका अध्यक्ष राजन पोखरेल लगायतका विभिन्न संघसंस्थाका प्रतिनिधि, पत्रकार लगायतको सहभागिता रहेको थियो । नगर उपप्रमुख विष्णुदेवी घिमिरे आचार्यले रामपुरमा जनघत्व बढ्दै गरेको अवस्थामा विभिन्न अपराधिक क्रियाकलाय, हिंसाका घटना बढ्दै गरेकाले पनि डिएसपी सहितको दरबन्दी रामपुरको लागि तत्काल आवश्यक परेको बताउँदै त्यसको लागि आवश्यक संरचना तयार पार्न स्थानीय सरकार तयार रहेको बताइन् । इलाका प्रहरी कार्यालय रामपुरका प्रहरी निरीक्षक भिमबहादुर कार्कीले पूरानो जिर्ण मन्दिरमा बसेर सेवा दिनु परेको बताए । नयाँ भवन निर्माण भएमा नागरिकलाई सहज रुपमा सेवा दिन पाइनेछ । प्रहरीमा आएका विभिन्न मुद्धा तथा घटनाको अध्ययन अनुसन्धान गर्न पुरानो र जीर्ण भवनमा बसेर सेवा दिन समस्या छ।


## साउदीमा रोजगार

१. कम्पनी: Modern Industrial Company Branch of Chinese Competitive Spirit Co. Ltd. शहर: SAUDI
पुर्व स्वीकृत मिति: २०७८/०७/०५ चलानी नं.: ६०१६५९३३ LT. No.: 248643

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 9 | 0 | स. काममा दक्ष | 1000 | ३१,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: ZOUK AL BHARAT RESTAURANT FOR SERVING MEALS शहर: SAUDI
पुर्व स्वीकृत मिति: २०७८/०७/०५ चलानी नं.: ६०१६५९३२ LT. No.: 248475

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 10 | 0 | स. काममा दक्ष | 1000 | ३१,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनी: DOUM PALM BEVERAGE SERVICE शहर: SAUDI
पुर्व स्वीकृत मिति: २०७८/०७/०५ चलानी नं.: ६०१६५९२८ LT. No.: 248474

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee and Tea Maker and More | 3 | 0 | स. काममा दक्ष | 1300 | ४१,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

४. कम्पनी: HEALTHY FOODS CO. LTD. शहर: SAUDI
पुर्व स्वीकृत मिति: २०७८/०७/०५ चलानी नं.: ६०१६५९३४ LT. No.: 248644

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 5 | 0 | स. काममा दक्ष | 1000 | ३१,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

५. कम्पनी: AL MOUWASAT MEDICAL SERVICES शहर: SAUDI
पुर्व स्वीकृत मिति: २०७८/०७/०५ चलानी नं.: ६०१६५९३१ LT. No.: 248855

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | GENERAL NURSE | 0 | 20 | स. काममा दक्ष | 3000 | ९५,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

६. कम्पनी: RAGHIF ALRIYF FOUNDATION FOR MEALS शहर: SAUDI
पुर्व स्वीकृत मिति: २०७८/०७/०५ चलानी नं.: ६०१६५८७८ LT. No.: 248399

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३१,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कार्तिक १३ गते (30 October 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. ५ र ६ रु. १०,०००/- अन्य नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Manaslu International Services Pvt. Ltd.
GPO Box: 21269, Dhumbarahi, Ktm, Nepal, Tel: 01-4525081, Mob.: 9860612204, 9852059259, Fax: 977-1-4490716, Govt. Lic. No.: 151/056/57, Email: manaslunp@hotmail.com

कथा

# सम्झनाभित्र बाँचेको मान्छे

कति विस्वाद, मान्छे जब जीवित रहन्छ कसैले केही वास्तै हुँदैन । जीवित रहँदा नै किन गुणगान खुलस्त गर्न नसकेका होलान् । जब मरिन्छ तब मात्र गुणगान हुन्छ यस्तै भयो मलामीको भीडमा । हिजोसम्म मन नपराउने र साथ नरुचाउनेहरु पनि एक मुठ्ठी मठ्ठी दिनु हिचकिचाउदैन रहेछ नि । यति रहेछ मान्छे हुनुको मूल्य पनि ।



■ राजनारायण राई, दार्जलिङ्ग

चारैतिर हिलै हिलो छ । सिकसिक लाग्दो पैतालाले घरबाहिर निस्कने आँट नै गरेन । पर-पर जहाँसम्म देखिन्थे त्यहाँसम्म नै हिलो पानी-पानी थियो । कस्तो उदेक लाग्दो वातावरण फागुन/चैतको बेमौसम मुसलधारे झरी वर्षीरहेको छ निरन्तर" ।

साँझ भईसकेछ घडीको काँटाले पाँच बजेको संकेत गरिरहेको थियो । कोही चुल्हा चौकातिर व्यस्त देखिन्थे । गाउँले सबै आ-आफ्नो काम धन्दातिर साँझको कार्य पशुपंक्षीहरुको आहार हाल्नु हतारिरहेका थिए । त्यस दिन ज्ञानलालको घरमा भने चकमन्न थियो । उसको गाई भोकले कराईरहेको थियो । कहाँ गएछ मोरा मुसलधारे पानी परेको बेला ।

अरुबेला उसको घरभरी साथीभाईहरु आउजाउ चलिरहन्थ्यो । संगीतको सुमधुर धुनहरु बज्न थालेपछि सानो भुराहरु उसको घरको खिड्कीबाट नचिहाउने को पो थिएन र ! जब संगीत अभ्यास



क्रम हुनेगर्थ्यो उतिबेला रमझम नै बन्थ्यो । वरिपरिका मान्छे नभ्याउन्जेल कामधन्दा पर सारेर खिड्की छेव उभि सुनिराखेकै हुन्थे । भेला हुनेहरुमा स्व. ज्ञानलाल राई, आर पी राई, स्व. धनबीर राई, स्व. अर्जुन चामलीङ्ग अनि कुन्ती मोक्तान (सुनदास) अन्यहरु विशेष संगीत अभ्यास हरेक साँझ चलिरहन्थ्यो । ज्ञानलाल अविवाहीत त थियो नै तर एकलो थिएनन । गरीब भएपनि संगीतको धनी नै भन्नुपर्छ । मागेर खाएनन् पौरखी बने यति हो उनलाई भाग्यले धोका दिई नै रह्यो । नामानुसारकै संगीतका ज्ञानी हरेक साँझ साथीहरुसँग भेट भएपछि शुन्यतालाई चिर्दै संगीत धुनहरुले रमाईलो बनाउने गर्थ्यो ।

अहँ त्यस साँझ उसको घरबाट कुनै धुनहरु गुन्जेन । न त कुनै साथीभाईहरु नै उसको घरमा आए । त्यसबेलासम्म पानी रोकिएकै थिएन झरररर पानी परीरह्यो । उसको घरमा चहलपहल नहुनुको मूल दोष पानी पर्नु नै होला भनी सोंच्यौ । भन्दा नभन्दै झ्याप्प रातले छोपिहाल्यो । हरेक घर धिब्रीबत्तीको मधुरो उज्यालोले रमाईरह्यो त्यतिवेला गाउँले बिजुली बत्ति नै देखेको थिएन ।

रात निकै बितिसक्दा पनि ज्ञानलालको घरमा भनै अंध्यारो नै थियो । हन, यतिबेलासम्म कहाँ गए त ज्ञानलाल ? कुनै अत्तोपत्तो नहुँदा जिज्ञासा स्वभाविकरुपले नै उत्पन्न हुन्छ नै । तर, पानी परेर परेर झट्टै कहाँ निस्कनु सकियो त । आउला, पानी रहेपछि भन्ने ठानी सबैजना खानपान गरी आ-आफ्नो बास पसियो । त्यो रात उ घर पस्यो पसेन थाहाँ नै भएन । कोई कोई बेला तिनी साथीभाईहरुको घरतिर गइबस्ने मान्छे त्यसैले उसलाई वास्तै गरिएन ।

भोलिपल्ट भुकभुकेमा भाले कुखुरी 'क्वाँ' गरी सुरिलो ध्वनीले बासेर सबैलाई शुभबिहानीको संकेत गरीरहेको थियो । भन्दा नभन्दै सूर्यले उज्यालो रोशनी लिएर ओछ्यानमै आईपुगेछ । हिजोको जस्तो दिन थिएन आकाश सफा थियो । घमैलो बन्ने संकेतमा सूर्यको प्रकाश बिस्तारै फैलिँदै थियो । आफू झटपट उठी दाँत माझ्दै हिजो भिजेको आगन टेके र एकपटक हरिया परियालाई आँखा घुमाई सकेमात्र त्यतिबेला वल्लो घर पल्लो घर हल्ला चल्छ, हिज ज्ञानलाल घरतिर फर्केन रहेछ नि । मसम्म हल्ला आइपुग्दा गाउँले सबै भेला भईसकेछ ज्ञानलालको घरमा । शंका उपसंका बन्छ नै उ घर त नफर्केपछि । बेलुकी र बिहानीको खुराक नपाएको गाई बेस्सरी कराईरह्यो' ।

केही समय पश्चात सरसल्लाह हुन्छ । आफन्ततिर साथीभाईतिर सोधी खोजी हुन्छ पत्तो लागेन । अब कहाँ गए त मोरा गाईबस्तु ढुक्कै छोडेर । सबैजना सल्लाहानुसार कोइ तलतिर जंगलमा कोइ पर पर पाखातिर खोजी गरियो खै त भेटिएन शंका उपशंका बढ्दै जानु त्यो स्वाभाविक नै थियो ।

सबै सबै ठाउँ जानेको बुझेको सबैतिर खोजी गरियो तर ज्ञानलाल भेटिएन । हुलमा कसैले भन्दै थियो तल्लो गाउँको रनपालले देखेको रे हिज तल जंगलतिर पो घाँस काट्दै थियो रेन्त । कुरा सुनेपश्चात सबै एकअर्को माझ हेराहेर हुन्छ । मनमा चिसो पस्छ । हन हिजोको त्यो मुसलधारे पानी परेको बेला घाँस काट्नु र घाँसको भारी मान्छे नै घर नआईपुग्नुको घटना सन्देहपूर्णँ बन्छ के भयो ? त कता गए त ? यस्तै प्रश्नहरुको पर्खाल उभिन्छ प्रतेक मान्छेको मनमा ।

भेला भएका सबै हुल हुल छुट्टिएर खोज्ने काम गरिन्छ अनि प्राय: दिनभरीको खोजी पछि बल्ल भेटियो घाँसको भारी तर फेरि मान्छे छैन । फेरि खोजियो माथिबाट तलसम्म र पो भेटियो ज्ञानलाल तर, खोल्सामा रगताम्मे अवस्थामा । भिरबाट सोह्रीएर बज्रिएछ नि ढुंङ्गामा त्यतिबेला उ मुर्दा भईसकेको थियो ।

हल्ला फैलिन्छ, मान्छेहरु थुप्रिन थाल्छन् । म पनि त्यहाँ पुग्छु । भिडबिचबाट चिहाउछु हो रहेछ ज्ञानलाल नै रहेछ । उ मरेकै त रहेछ । हिजोको लोदरे पानी पर्नु र आजको दु:खद घटना बन्नु कति नमजा । को थियो र रोइदिने उसको ।

सरकारी मान्छे खबरनुसार घटनास्थल आईपुग्छ र निरिक्षण गरी लास पोस्टमार्टमको लागि अस्पताल पठाउँछ । केही घण्टापछि उसको निर्जीव शरीर कफनमा लपटिएर घर आईपुग्छ । भोलीपल्ट संस्कार गरिन्छ । त्यतिबेला मलामीको ताँती भीडबीचमा कसैले भन्दैथियो, ज्ञानलाल खुबै असल मान्छे थियो । संगीतको त राजा नै भन्दा पनि भयो । थुप्रैलाई संगीतको चेला बनाई गुण गरिराखेर आफु बितेछ । कसैले भन्दै थियो तिनी खुबै मिलनसार व्यक्ति थिए ।

कति विस्वाद, मान्छे जब जीवित रहन्छ कसैले केही वास्तै हुँदैन । जीवित रहँदा नै किन गुणगान खुलस्त गर्न नसकेका होलान् । जब मरिन्छ तब मात्र गुणगान हुन्छ यस्तै भयो मलामीको भीडमा । हिजोसम्म मन नपराउने र साथ नरुचाउनेहरु पनि एक मुठ्ठी मठ्ठी दिनु हिचकिचाउदैन रहेछ नि । यति रहेछ मान्छे हुनुको मूल्य पनि ।

ज्ञानलाल बितेर गएपछि त अध्याँरोमा डुब्यो उसको घर पनि । शून्यतामा उजाडियो कोठाहरु बाध्यवादन आदि । बिस्तारै साथीसंगीहरु छुटिन्दै छरप्रष्ट बनियो आ-आफ्नै व्यस्तताले यतिमा कति बितेर गयो । कतिले संगित यात्रामा ख्याति प्राप्त गरिसकेका छन् । अझै पनि कतिले त्यो दिनहरुको सम्झना लिएर बुद्ध अवस्थातिर बाँचीरहको छन् । सम्झनाभित्र बाँचेको मान्छे हो ज्ञानलाल । उसले उचाई छुन सकेनन् तर उचाईतिर हिड्नु सिकाई राख्यो । धेरै नभए पनि अलिकति छाप छोडी सम्झनामा बाँचिरहेका छन् ज्ञानलाल ।

■ ■ ■

त्यतिबेला मलामीको ताँती भीडबीचमा कसैले भन्दैथियो, ज्ञानलाल खुबै असल मान्छे थियो । संगीतको त राजा नै भन्दा पनि भयो । थुप्रैलाई संगीतको चेला बनाई गुण गरिराखेर आफु बितेछ । कसैले भन्दै थियो तिनी खुबै मिलनसार व्यक्ति थिए ।

■ ■ ■

लघुकथा

**समिर पार्खिन**, बारा



# कालो कोठी

उनले कहिले पासपोर्टमा त कहिले शिरिषाको अनुहारमा पटक-पटक हेरेका थिए र अन्तमा नाक खुम्च्याउँदै भनेका थिए, 'आइ एम सरी !' यति भनी उनी कुर्सीबाट उठेर अन्यत्र लागे । त्यस विदेशी अधिकारीले 'आई एम सरी' भन्दै पासपोर्ट फर्काइदिएपछि शिरिषा छाँगोबाट खसे सरह भएकी थिई । उसलाई खलखली पसिना आएको थियो । किन ? कसरी ? भनी प्रश्न गर्ने अवस्था थिएन ।

शिरिषाको नाकको डीलमा एउटा ठूलो कालो कोठी थियो । शिरिषा जहिले पनि ऐना अघि उभिएपछि निराश र उदास हुन्थी । उसले काला कोठी उसको सुन्दरतामा कलंक ठान्ने गरेकी थिई । ऊ लामो समयदेखि त्यो नाकको डीलको कालो कोठी हटाउने उपायको खोजीमा थिई । नभन्दै एकदिन उसले एफएम रेडियोमा मुसा, कोठी हटाउने विज्ञापन सुनी । ऊ विज्ञापन सुनेर आशावादी भई र आमाचाँहिलाई लिएर वैद्यकोमा पुगी । वैद्यले पन्ध्रसय रुपैयाँ लिएर उसको कोठीमा खोई के भतभती पोल्ने औषधि लगाइदियो र बाँकी औषधि दिनको दुई टाइम लगाउनु भनी शिरिषालाई घर पठाइदियो ।

नभन्दै औषधि लगाएको केही दिन नबित्दै उसको त्यो नाकको डीलको कालोकोठी झरेको थियो । उसले त्यो दिन घण्टौसम्म ऐना अघि उभिएर आफ्नो अनुहार हेरेकी थिई र मुस्कुराएकी थिई । छोरीको खुसीमा ममीबुवा पनि सामेल भएका थिए ।

एकदिन शिरिषाले मोबाइलमा एउटा मेसेज देखी 'बधाई छ शिरिषाजी ! तपाईलाई डिभी परेको छ ।' मेसेजमा लेखिएको थियो । मेसेज पढेपछि शिरिषा खुसीले बुर्लुक्क उफ्रिएकी थिई । उसको फेसबुक वालमा बधाई सन्देशको ओइरो लागेको थियो ।

त्यसपछि बाँकी प्रक्रिया शुरु भएको थियो । शिरिषाकी ममीलाई चैं छोरीलाई डिभी परेको कुरा टोल छिमेकमा सुनाउन भ्याइनभ्याई थियो ।

चरणवद्ध रुपमा शुरु भएको प्रक्रियाअनुरुप एकदिन शिरिषा बुवाममीसहित काठमाडौंस्थित दूतावास पुगी । त्यहाँ उसलाई एकजना विदेशी अधिकारीले राहदानी मागेका थिए । शिरिषालाई त्यसपछि त्यस अधिकारीले एक दुईवटा प्रश्न अंग्रेजीमा सोधेका थिए जसको जवाफ शिरिषाले पनि फटाफट दिएकी थिई । त्यसपछि त्यस विदेशी हाकिमले पासपोर्टमा टाँसेको शिरिषाको फोटोलाई निकै बेर नियालेर हेरेका थिए ।

उनले कहिले पासपोर्टमा त कहिले शिरिषाको अनुहारमा पटक-पटक हेरेका थिए र अन्तमा नाक खुम्च्याउँदै भनेका थिए, 'आइ एम सरी !' यति भनी उनी कुर्सीबाट उठेर अन्यत्र लागे । त्यस विदेशी अधिकारीले 'आई एम सरी' भन्दै पासपोर्ट फर्काइदिएपछि शिरिषा छाँगोबाट खसे सरह भएकी थिई । उसलाई खलखली पसिना आएको थियो । किन ? कसरी ? भनी प्रश्न गर्ने अवस्था थिएन ।

बाहिर खुसीको समाचार सुन्न पर्खेर बसेका बुबाममी छोरी अँध्यारो अनुहार पारेर फर्केकी देखेपछि शंशकित बनेका थिए । शिरिषा केही नबोली एकाएक ममीचाँहिको काखमा घोप्टो परेर घुघु गर्दै निकैबेरसम्म रोई रही ।

कविता

## छापामारको घर



आर्यश शर्मा घिमिरे

चेतनाको खोपीभित्र
मुक्तिका मन्त्रहरु भर्दै
परिवर्तन गर्छु
देश बनाउछु भन्दै
कपडा र झण्डा फेरेर
क्रान्तिमा होमिएको छापामारको
एउटा क्षयग्रस्त घर ।

यस्ता हजारौं एउटा घरमा
रात परेपछि
एउटा कालो छायाँ खस्छ आँगनीमा ।
'ऊ आउनु' भो !'
केही गोडा
सल्बलिनछन्
अगेनाको डिलमा ।

यस्ता हजारौं डिलमा ।
छायाँ भित्र पस्दैन ।
हराउँछ त्यहिँ आगँनीमै ।

हिजोजस्तै,
अस्तिजस्तै,
सधैंजस्तै ।
फेरि मौनता छाउँछ
एउटा अगेनाको डिलमा ।
यस्ता हजारौं एउटा अगेनाको डिलमा ।
त्यो शुन्यता चिर्दै
एउटा तोते बोली गुन्जिन्छ -
'आमा ! बेपत्ता पार्नु भनेको के हो ?'
साह्रै खिन्न लाग्नेगरी
त्यो आगो निभिसकेको धुवाँसँगै
फेरि मिस्सिन्छ
एउटा तीतो आशा
र बज्छ कारुणिक शोक धुन ।

यस्ता हजारौं घरको योद्धाका
लासहरु पन्छाउँदै लालध्वज र प्रचण्ड
समाधिस्थलबाटै सम्बोधन गर्दै
नवयुगको घोषणा गर्छन !
क्रमश..
थवाङ र लिवाङ का बधशालाहरुमा
खिया लाग्दै जान्छ ...॥

## पाँच मुक्तक



जगत थापा, बझाङ्ग

१
यहाँ कोही रोगमा कोही भोकमा डुबिरहेको बेला
सबै गल्ली गल्ली चोक-चोकमा डुबिरहेको बेला
नेताहरु देश बेचेर भोट माग्न आउँछन् गाउँघरमा
देश बचाउनलाई जनता सोकमा डुबिरहेको बेला ॥

२
बस्नै पर्दैन अब हामीले बाटो हेरि आउँदैछ आमा
रुन मात्रै मन लाग्छ सम्झिँदा खेरी आउँदैछ आमा
धनीलाई दशैं गरिबलाई दसा उखान काफी छ
हामी रुवाउन दशैं तिहार फेरि फेरि आउँदैछ आमा ॥

३
फेरि फेरि पनि दशैं तिहार आएछ आमालाई
नआउनु पर्ने हो लगातार आएछ आमालाई
परदेशी छोरो फर्किने आसमा बसेको बेला
उता छोरो मरेको समाचार आएछ आमालाई ॥

४
भएन र यो त ठूलो अत्यचार किन गर्नु हुन्छ ?
यही होकि कमाउने आधार किन गर्नु हुन्छ ?
हिजो छोरी बेच्नु ठूलो पाप हो भन्ने शिक्षक
आज आफैं छोरीको कारोबार किन गर्नु हुन्छ ?

५
म आफै जिन्दगीमा भार छु कसरी भनौ
बुझ्नै सकिन केही दोधार छु कसरी भनौ
तिमीलाई सम्झिएर रुने काम पाएको छु
अझैं पनि 'म' बेरोजगार छु कसरी भनौ ॥

# खानेपानीका प्रमुखमाथि दुर्व्यवहार गर्ने १७ जनाविरूद्ध मुद्दा दर्ता



**धनुषा/मस–** खानेपानी कार्यालयका निमित्त प्रमुख राजेश्वर कुशवाहालाई दुर्व्यवहार गरेको आरोपमा पक्राउ परेका ६२ जनमत पार्टीका कार्यकर्ता मध्ये १७ जनाविरूद्ध मुद्दा दर्ता गरिएको छ। बिहीबार दिउँसोसम्म दुई दिन भएको वर्षामा पानीको निकास ढल भएर बग्न नसकेपछि उक्त पार्टीका नेता तथा कार्यकर्ताले गुण्डाशैलीमा कार्यालय प्रमुख कुशवाहालाई कालोमोसो तथा कुटपिट गर्दै नगर परिक्रमा गराएका थिए। लाठी, भाटासहित कार्यालय पुगेका दर्जनौं कार्यकर्ताले प्रमुखलाई जबर्जस्ती कार्यालयबाट थुतेर बाहिर ल्याई कुटपिट गर्दै नगर परिक्रमा गराएका थिए। उनीहरुले कपडा च्यात्नुका साथै नालामा रहेको हिलो दलेर अर्धनग्न रुपमा कुटपिट गर्दै घुमाएका थिए।

घटनामा संलग्न १७ जना नेता/कार्यकर्तामाथि जिल्ला सरकारी वकिलको कार्यालयमार्फत मुद्दा दर्ता गराइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। प्रहरी प्रवक्ता जीतेन्द्र बस्नेतका अनुसार उक्त पार्टीका जिल्ला अध्यक्ष ओमविक्रम कुशवाहा, सर्लाही जिल्ला सदस्य दुर्योधन यादव, प्रेमकिशोर यादव, केन्द्रीय सदस्य वीरेन्द्र महतो, विद्यार्थी जनमत संघका अध्यक्ष विजय यादव, नेता सञ्जय प्रधान, धनिकलाल कापर, विक्रमकुमार साह, कैलाशप्रसाद साह, दिनेश रजक साफी, रामकरण यादव, सञ्जय कुमार सिंह, सञ्जय साह, महेश कुमार यादव, अमरनाथ साह र सुन्दर मण्डलविरूद्ध मुद्दा दर्ता गरिएको छ। बाँकी पक्राउ गरिएका ४५ जनालाई बिहीबार अबेर राति हिरासमुक्त गरिएको थियो। यता मुद्दा दर्ताको विरोधमा पार्टीका अध्यक्ष राउतको निर्देशनमा उनका कार्यकर्ताले जिल्ला प्रहरी कार्यालय घेराउ गर्ने तयारी गरेका छन्।

## शंखधर साख्वाको जीवनी र योगदानमा आधारित पुस्तक निस्कने



**काठमाडौं/मस**

नेपाल सम्वत्का प्रवर्द्धक शंखधर साख्वाको जीवनी र योगदानको विषयमा लेखिएको शंखधर साख्वा नामक पुस्तक सार्वजनिक गरिने भएको छ।

यही कात्तिक १६ गते कुकुर तिहारको दिन काठमाडौंमा एक कार्यक्रमकाबीच पुस्तक सार्वजनिक गरिन लागिएको हो। पुस्तकको विमोचन नेपाल सम्वत् आयोजक समितिका अध्यक्षबाट हुनेछ।

सो पुस्तक काठमाडौंका स्थानीय सुन्दरमान श्रेष्ठले लेखेका हुन्। पुस्तक एक सय पृष्ठ लामो रहेको जनाइएको छ। पुस्तकको मूल्य दुई सय रुपैयाँ राखिएको छ। तर विमोचनको दिन पचास प्रतिशत कम एक सय रुपैयाँमा पाइने जनाइएको छ।

शंखधर साख्वाले तत्कालिन समयमा सारा जनताको ऋणमुक्त गरेको र उही समयदेखि उनकै नामबाट नेपाल सम्वत् प्रचलनमा आएको बताइन्छ। नेपाल सम्वत्ले अहिले राष्ट्रिय सम्वत्को मान्यता पाइसकको छ। आउँदो तिहारको म्ह पुजाको दिन नयाँ नेपाल सम्वत् न्हुँ दँ ११४२ शुरु हुँदैछ।

# तीन औषधी सप्लायर्स लाई कारबाही



**दिलु नेपाल/मध्यान्ह**
चितवन, ५ कात्तिक

चितवनको भरतपुर अस्पतालले औषधिपसलमा सम्झौताअनुसारको औषधी नल्याउने तीन सप्लायर्सलाई कारबाही गरेको छ। सन फार्मेसी पोखरा, हिमसागर मेडिकल हल पोखरा र मेडिसेल्स फर्मा भरतपुरलाई कारबाही गरेको हो।

अस्पताल विकास समितिको बैठकको निर्णयअनुसार ती पसललाई कारबाही गरिएको अस्पतालका सूचना अधिकारी गोपाल पौडेललाई जानकारी दिए। उनका अनुसार अस्पतालमा आवश्यक औषधी खरिदको आदेश दिइसकेपछि पनि उनीहरूले औषधी ल्याएका थिएनन्।

औषधी ल्याउने समय १७ दिन र ताकेता गरेको समयमा समेत औषधी नल्याएपछि कारबाही गर्न बाध्य भएको उनले जानकारी दिए। अस्पतालले तीन पटकसम्म औषधी समयमा ल्याउनका लागि सप्लायर्सलाई ताकेता गरेको जनाइएको छ। कारबाही स्वरुप अस्पतालले औषधी बाहिर खरिद गर्दा र बोलपत्रमा सम्झौता हुँदाको मूल्यभन्दा थप परेको मूल्य सम्झौता गर्ने पक्षलाई तिर्न लगाएको छ। सरकारको 'फार्मेसी निर्देशिका २०७४' अनुसार अस्पतालमा फार्मेसी सञ्चालनमा आएपछि औषधि समयमा नल्याउने ठेकेदार कम्पनीलाई यस अस्पतालमा कारबाही गरिएको यो पहिलो रहेको अस्पतालको फार्मेसी विभाग प्रमुख सविनराज लामिछानेले जानकारी दिए। सन फार्मेसीले मधुमेहका बिरामीलाई आवश्यक पर्ने 'मेटफर्मीन' नामक औषधी विगत दुई महिनादेखि उपलब्ध गराउन छाडेको थियो। सो औषधी फार्मेसीले सम्झौताअनुसार १.४० पैसा प्रति ट्याब्लेटमा अस्पताललाई उपलब्ध गराउनुपर्ने हुन्थ्यो।

लामो समयसम्म औषधी ठेकेदार कम्पनीले ल्याउन नसकेपछि अस्पतालले १.७५ पैसामा खरिद प्रक्रिया शुरु गरेको छ। सो फार्मेसीलाई सम्झौता भए भन्दा बढीको मूल्य तिर्न लगाइएको छ। यस फार्मेसीले २११ प्रकारका औषधी ल्याउने सम्झौतामा उल्लेख छ।

यस्तै हिमसागर मेडिकलले मेटफर्मीन/ग्लिमेप्राइड नामक औषधीसमयमा नल्याएको जनाउँदै कारबाही गरिएको छ। विगत लामो समय देखि माग गरिएको औषधी नपाउँदा बिरामी मर्कामा पर्न थालेको जनाउँदै अस्पतालले आफैं खरिद गरी सम्झौताभन्दा बढीको मूल्य ठेकेदार कम्पनीलाई तिर्न लगाएको छ। सो औषधि सम्झौताअनुसार ६.९८ पैसा प्रतिट्याब्लेट पर्नेमा अस्पतालले बाहिरबाट खरिद गर्दा रु सात मा खरिद गरेको सूचना अधिकारी पौडेलले जानकारी दिए। यस हलसँग १८१ प्रकारका औषधी ल्याउने सम्झौता भएको थियो।

कारबाहीमा पर्नेमा मेडिसेल्स फर्माले डेक्सामेथासोन इन्जेक्सन (जीवन रक्षक औषधी) आकस्मिक कक्ष, सघन उपचार कक्ष र कोरोना भाइरस संक्रमितलाई समेत प्रयोग हुने औषधी नल्याए पछि कारबाही गरिएको छ।

## १० हजार बढी सक्रिय संक्रमित

**काठमाडौं/मस–** नेपालमा अझैं दश हजार बढी कोरोना सक्रिय संक्रमित रहेका छन्।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार शुक्रबारसम्म देशभर सक्रिय संक्रमित १० हजार ९४६ जना रहेका छन्। शुक्रबार नेपालमा ७०८ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ।

मन्त्रालयले सार्वजनिक गरेको तथ्यांकमा नौ हजार ३७६ जनामा कोरोना परीक्षण गर्दा ७०८ जनामा संक्रमण पाइएको हो।

५०० भन्दाबढी संक्रमित भएका जिल्ला चार र २०० भन्दाबढी संक्रमित भएका जिल्ला १४ रहेका छन्। ५०० भन्दाबढी संक्रमण हुने जिल्ला काठमाडौं, ललितपुर, भक्तपुर र कास्की रहेका छन्। संक्रमण दर १८.५ प्रतिशत रहेको छ। संक्रमति शून्य रहेका जिल्ला मुस्ताङ र मुगु रहेका छन्। शुक्रबार ९३२ जना संक्रमणबाट निको भएका छन्।

यससँगै नेपालमा हालसम्म सात लाख ८५ हजार ८१३ जनामा संक्रमण रहेको छ। नेपालमा संक्रमणमुक्त हुने दर ९७.२ प्रतिशत रहेको छ। शुक्रबार कोरोना संक्रमणबाट ११ जनाको निधन भएको छ। अहिलेसम्म संक्रमणबाट ११ हजार ३३७ जनाको निधन भएको छ। त्यसैगरी होम आइसोलेसन १० हजार ११६, संस्थागत आइसोलेसनमा ८३० जना, सघन उपचार कक्ष (आइसियु)मा २७९ र भेन्टिलेटरमा ९१ जना रहेका छन्। शुक्रबार ५८ हजार ८५३ जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन्। अहिलेसम्म ८५ लाख ९४ हजार २७४ पहिलो मात्रा र ६५ लाख ४६ हजार २३७ पूर्ण मात्राको खोप लगाइसकेका छन्।


## भूल सुधार

मिति २०७८/०७/०५ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित कतारमा वैदेशिक रोजगार शिर्षक, कम्पनीको नामः **EU GROUP SECURITY SERVICES** पूर्व स्वीकृत मितिः २०७८/०३/२१, चलानी नं.: ६०१५९७१९ र **L.T. No.: 241986** को विज्ञापनमा अन्तर्वार्ता मिति २०७८ कात्तिक १५ गते (1 November 2021) हुनुपर्नेमा भुलसुधार गरिएको छ।

रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि.
श्रम ईजाजत नं.: १०३४/०७२/०७३
सामाखुसी-२९, काठमाडौं
Tel: 4385294, 4385295



**Chhapro Foodland Pvt. Ltd**
at Dhumbarahi Kathamdnu

**WANTED**

1 Waiter-3
2 Kitchen Hepler-1
3 Dish Washer-1

Contact:
9851089807
9801232424



## साउदीमा रोजगारको अवसर

कम्पनी: AL SHALAWI INTL CO
शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७८/०१/०८ | चलानी नं.: ६०१५७७३७ | L.T. No.: 239600 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 30 | 0 | स. काममा दक्ष | 1900 | ६०,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ कात्तिक १४ गते (31 October 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**S. P. M. OVERSEAS PVT. LTD.**
Bhimsengola-9, Old Baneshwor, Kathmandu, Nepal, Tel: 4587837, 4589795
Mob: 9843250196, 9813127393, 9823011813
Email: spmoverseas@gmail.com, Web.: www.spmoverseas.com
Gov. Lic No. 817/066/067



## UAE मा रोजगारको अवसर

कम्पनी: AMINCO SECURITY SERVICES
शहर: DUBAI

पूर्व स्वीकृत मितिः २०७८/०७/०५ | चलानी नं.: ६०१६५८२९ | LT. No.: 249159

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: AED | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 40 | 20 | स. काममा दक्ष | 1200 | ३९,०३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कात्तिक १३ गते (30 October 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**SAPTAKOSHI HUMAN RESOURCE PVT. LTD.**
Tilganga-9, Kathmandu Tel: +977- 1- 4483524, 4483525
Email: info@saptakoshihr.com
SHR Est. 2010 — Gov. Lic No. 884/067/068



## साउदीमा रोजगार

कम्पनी: Yazeed Abdullah Bin Fahd AGhannam Fast Food Restaurant
शहर: JEDDAH

पूर्व स्वीकृत मितिः २०७८/०७/०५ | चलानी नं.: ६०१६५८४४ | LT. No.: 248910

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कार्तिक १३ गते (30 october 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Paramount Human Resources Pvt. Ltd.**
CHANDOL-04, CHAPPAL KARKHANA CHOWK, KATHMANDU, NEPAL,
Ph. No.: 01-4445936, 4424759
P.O. BOX : 6012



## UAE मा रोजगार

कम्पनी : UNITED SECURITY GROUP LLC
शहर: UAE

पूर्व स्वीकृत मितिः २०७८/०६/२२ | चलानी नं.: ६०१६५०४३ | LT. No.: 248070 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: AED | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 2000 | ६५,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ कार्तिक १४ गते (31 October 2021) मा हुनेछ।
दिव्यश्री ब्याङ्क्युट, पोखरा कास्कीमा २०७८ कात्तिक १४ गते (1 November 2021) मा हुनेछ।
होटेल इनटुरिष्ट प्यालेस, इटहरी सुनसरीमा २०७८ कात्तिक १५ गते (2 November 2021) मा हुनेछ।
मेनपावर कार्यालय, काठमाडौंमा २०७८ कार्तिक १६ गते (3 November 2021) मा हुनेछ।

Height:- Minimum5.7, Education:SLC passed, Age 22- 38

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**आर. बि. ओभरसिज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ७७२/०६५/०६६
गोंगबु, काठमाडौं, फोन: ४३९०२१५, ४३९००४३, ९८०१०३९४४६, ९८०११९३०७९



## कतारमा रोजगार

कम्पनी: GAS EQUIPMENT & SERVICES CO QATAR LTD
शहर: QATAR

पूर्व स्वीकृत मितिः २०७८/०७/०४ | चलानी नं.: ६०१६५७८३ | L.T. No.: 247960

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: QR | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electronic Technician | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३५,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Pipe Fitter | 10 | 0 | | 1100 | ३५,९१५ | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ कात्तिक १३ गते (30 October 2021) मा हुनेछ।

